# रास्कोट नगर पालिकाको आर्थिक ऐन, २०७६

**रास्कोट पाचौं नगर सभावाट स्वीकृत मिति २०७६।३।३०**

**२०७६ सालको ऐन नं. १**

## रास्कोट नगर पालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना : रास्कोट नगरपालिकाको आर्थिक वर्ष २०७६।०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,**

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम रास्कोट नगर सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम रास्कोट नगरपालिकाको आर्थिक ऐन, २०७६ रहेको छ ।

(२) यो ऐन २०७६ साल साउन १ गतेदेखि रास्कोट नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

१. एकिकृत सम्पत्ति करः रास्कोट नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम साउन १ गतेदेखि एकिकृत सम्पत्ति कर लगाईने र असूल उपर गरिनेछ ।

२ .घर बहाल करः रास्कोट नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा वहाल कर लगाईने र असूल उपर गरिने छ ।

३. व्यवसाय करः रास्कोट नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिने छ ।

४. जडिबुटी, कवाडी र जीवजन्तु करः रास्कोट नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (४) बमोजिमको कर लगाईने र असूल उपर गरिनेछ ।

५. सवारी साधन कर : रास्कोट नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

६. विज्ञापन करः रास्कोट नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनछ।

७. मनोरन्जन करः रास्कोट नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८. बहाल विरौटी शुल्कः रास्कोट नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिरौटी शुल्क लगाईने र असुल उपर गरिनेछ।

९. पार्किङ शुल्कः रास्कोट नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ।

१०. ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ शुल्कः रास्कोट नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ सेवा वा व्यवसाय सञ्चालन गरे वापत अनुसूची (१०) बमोजिमको शुल्क लगाईने र असुल उपर गरिनेछ।

११.सेवा शुल्क, दस्तुरः रास्कोट नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची ( ११) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ।

१२. पर्यटन शुल्कः रास्कोट नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१२) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१३. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएको व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१४. कर तथा शुल्क सम्बन्धी कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि रास्कोट नगरपालिकाले तोके अनुसार हुनेछ।

## अनुसूची १

**एकीकृत सम्पत्ति करको दर**

# एकीकृत सम्पत्ति करको दर

| कर योग्य एकीकृत सम्पत्तिको मूल्य | बार्षिक दर (कोष्ठमा उदाहरण) |
|---|---|
| पाँच लाख रुपैयाँसम्मको मूल्यांकनमा | एक मुष्ठ रु. ५०। (पचास) |
| पचास लाख रुपैयाँसम्म | प्रति लाखमा रु. १०। (रु दश) |
| एकाउन्न लाख देखि एक करोड रुपैयाँसम्म | प्रति लाखमा रु. २०। (रु विस) |
| एक करोड एक लाख देखि दुई करोड रुपैयाँसम्म | प्रति लाख रु.२५। (रु पच्चिस) |
| दुई करोड एक लाख रुपैयाँदेखि तिन करोड रुपैयाँसम्म | प्रति लाख रु.३०। (रु तिश) |
| तिन करोड एक लाख रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म | प्रति लाख रु.३५। (रु पैंतालिस) |
| पाँच करोड भन्दा माथि | प्रति लाख रु.५०। (रु पचास) |

नोट : मुल्यांकन रकमलाई रु लाखमा (round figure)मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

**माथि उल्लिखित दरको आधारमा लाग्ने करको उदाहरण :**

| मुल्यांकन लाखमा | करको दर | कर रकम |
|---:|---:|---:|
| ५० | १० | ५०० |
| १०० | २० | २००० |
| २०० | २५ | ५००० |
| ३०० | ३० | ९००० |
| ५०० | ४५ | २२५०० |
| १००० | ५० | ५०००० |
| १५०० | ५० | ७५००० |

- सार्वजनिक जग्गामा अस्थाई घर घरेडीको लागि जग्गा भडामा लिनेलाई प्रति वर्ग मिटर मासिक १ रुपैंया सुल्क लाग्नेछ ।
- सार्वजनिक जग्गामा व्यावसायिक कृषि तथा वन जन्य लघु उद्यम मा अधारित उद्योग संचालन गर्नको लागि प्रति वर्ग मिटर रु. १ वार्षिक सुल्क लाग्नेछ ।

## अनुसूची २

**आ.व ०७६/७७ को लागि स्वीकृत व्यवसाय करको दररेट**

| संकेत नं. | व्यवसायको विवरण | आ.व ०७५/७६ का लागि स्वीकृत | आ.व ०७६/७७ का लागि स्वीकृत |
|---|---|---|---|
| १. | **मर्मत तथा संभार सेवा तर्फ** | | |
| | चार पांग्रे गाडी मर्मत | २५००।- | २५००।- |
| | मोटरसाईकल मर्मत | १५००।- | १५००।- |
| | रेडियो,घडी,मोवााइल तथा विभिन्न विद्युतीय उपकरण मर्मत | ५००।- | ५००।- |
| | टायर,पञ्चर टाल्ने र टायरमा हावा भर्ने | १०००।- | १०००।- |
| | साइकल, कुकुर,पंखा,छाता, स्टोभ आदि मर्मत | ५००।- | ५००।- |
| | **स्वास्थ्य सेवातर्फ** | | |
| | डाक्टर सेवा नभएको मेडिकल पसल | ६००। | ६००।- |
| ३. | **शिक्षा सेवा तर्फ** | | |
| | निजिस्तरबाट संचालित चाइल्ड केयर तथा मोन्टेश्वरी | ५००। | ५००। |
| | प्रा.वि तहका निजी विद्यालय | ५००। | ५००। |
| | नि.मा.वि निजी विद्यालय | ८००। | ८००। |
| ४. | **संचार सेवा तर्फ** | | |
| | फोन, फ्याक्स र फोटोकपी,E-Business | १०००। | १००० ।- |
| | एफ.एम. रेडियो | ५०००। | ५०००।- |
| ५. | **छपाई तथा प्रकाशन** | | |
| | अफ सेट प्रेस,छाप, | ५०००। | ५०००। |
| | साधारण प्रेस, छाप, स्किन प्रिन्ट अदि | २५००। | १५००। |
| ६. | **वित्तीय सेवा तर्फ** | | |
| | क वर्गका बैंकहरु शाखा कार्यालय | २००००। | २००००। |
| | ख वर्गका बैंकहरु शाखा कार्यालय | | १५०००। |
| | ग वर्गका बैंकहरु शाखा कार्यालय | | १००००। |
| | सहकारी बैकं र बचत तथा ऋृण सहकारी तथा वित्तिय संस्थाहरु (क) श्रेणी : २ करोड भन्दा बढी कारोवार हुने | ३५००। | ५०००। |
| | आर्थिक कारोवार गर्ने सहकारी तथा वित्तिय संस्थाहरु ( ख) श्रेणी :२ करोड भन्दा कम कारोवार हुने | ३०००। | ३०००। |
| | अन्य कारोवार गर्ने सहकारी संस्थाहरु | १५००। | १०००। |
| | बिमा कम्पनीका शाखा हरु | १००००। | ५००००। |

| | | | |
|---|---|---|---|
| | मनि टार्न्सफर सम्वन्धि कार्य गर्ने (क) श्रेणी | २५००। | २५००। |
| | मनि टार्न्सफर सम्वन्धि कार्य गर्ने (ख) श्रेणी | | १५००। |
| ७. | **होटल, लज तथा रेष्टुरेन्ट** | | |
| | लज मात्र भएको | २०००। | २०००। |
| | राम्रो खालको रेष्टुरेन्ट | ३०००। | ३०००। |
| | सामान्य खालको रेष्टुरेन्ट/बार | २५००। | २५००। |
| | सामान्य खालको होटल | १५००। | १०००। |
| ८. | **चिया नास्ता तथा चाट पसल** | | |
| | मिष्ठान्न भण्डार सहितको चिया नास्ता पसल | १२००। | १२००। |
| | ग्रामीण क्षेत्रको चिया नास्ता पसल | १०००। | ५००। |
| ९ | **मासु पसल** | | |
| | एकभन्दा बढी आइटम राखी मासु बेच्ने पसल | १५००। | २०००। |
| | रांगा खसी र वंगुरमध्ये कुनै एकको मात्र मासु बेच्ने पसल | १२००। | १५००। |
| | माछा, कुखुरा,हांस तथा अन्य पंक्षीको मासु बेच्ने पसल | १२००। | १०००। |
| १० | **मेटल वर्क सप** | | |
| | क श्रेणी (ग्रील सटर निर्माण समेत ) ख श्रेणी (सामान्य ग्रील मर्मत ) | २०००। | ३०००। |
| | स्टील,काठ फर्निचर, कार्पेट विक्रेता | २०००। | ३०००। |
| ११ | **साना तथा मझौंला उद्योग** | | |
| | कृषि तथा वन जन्य उद्योग | १०००। | ५००। |
| | प्रशोधन जन्य उद्योग | १०००। | ५००। |
| | काष्ठ उद्योग | १५००। | २०००। |
| | राडीपाखी, ढाँका लगायतका साना कुटी उद्योगहरु | | ५००। |
| १२. | **तरकारी र फलफुल पसल** | | |
| | थोक पसल | १५००। | १०००। |
| १३. | **मिलहरुः प्रति हर्ष पावर** | (क)१५००।/ (ख)१००० | (क)१०००।/ (ख)५०० |
| १४. | **किराना तथा खाद्य पसल** | | |
| | नगरमा उच्च स्तरको किराना तथा खाद्य पसल | २५००। | २०००। |
| | नगरमा मधयम स्तरको किराना तथा खाद्य पसल बिक्री कक्षको अतिरिक्त गोदाम समेत राखेको किराना तथा खाद्य पसल | २५००। | २०००। |

| | | | |
|---|---|---|---|
| | नगरमा सामान्य स्तरको किराना तथा खाद्य पसल | १५००। | १०००। |
| | नगरमा निम्न  स्तरको किराना तथा खाद्य पसल | १०००। | ५००। |
| | दैनिक उपभोगका खाद्य पदार्थ | १०००। | ५००। |
| १५. | **काँचो कपडा, रेडिमेड, फेन्सी, जुत्ता, चप्पल पसल** | | |
| | नगरमा सामान्य स्तरको पसल (सामान्य बिक्री कक्षमात्र भएको पसल | २५००। | १५००। |
| | नगरमा सामान्य स्तर को पसल (सामान्य बिक्री कक्षमात्र भएको पसल ) | २५००। | १०००। |
| | नगरमा सामान्य स्तर को पसल (सामन्य बिक्री कक्षमात्र भएको पसल ख वर्ग | २५००। | ५००। |
| | नगरमा निम्न स्तर को पसल (सानो बिक्री कक्षमात्र भएको पसल ) | २०००। | ५००। |
| | ऊन तथा उनको कपडाको फुटकर विक्रेता | १०००। | ५००। |
| | सामान्य घुम्ती पसल | ५००। | २००। |
| १६. | **पलाष्टिक जन्य पसल** | १५००। | १०००। |
| १७. | **कम्प्युटर, मोवाईल, टि.भि, रेडियो, घडि तथा अन्य विद्युतीय सामान बेच्ने पसल तथा इलेक्ट्रोनिक्स पसल** | | |
| | नगरमा सामान्य किसिमको पसल | १५००। | १०००। |
| | रेडियो, घडि मात्र राखेको सामान्य पसल | १२००। | ५००। |
| १८. | **अडियो, भिडियो, क्यासेट बिक्रि तथा मर्मत** | | |
| | अडियो, भिडियो, क्यासेट,साउण्ड बक्स बिक्रि तथा मर्मत (क) श्रेणीमा पर्ने | १५००। | ५००। |
| | अडियो भिडियो क्यासेट,साउण्ड बक्स बिक्रि तथा मर्मत (ख) श्रेणीमा पर्ने | १२००। | ५००। |
| १९. | **भाडा पसल** | | |
| | सामान्य भाडा भाडा पसल | १२००। | १०००। |
| २०. | **कुखुरा पालन व्यवसाय** | | |
| | ५०० देखि १००० सम्म कुखुरा पाल्ने फार्म | २०००। | १५००। |
| | ५०० भन्दा कम कुखुरा पाल्ने फार्म | १५००। | १०००। |
| २१. | **स्टेशनरी सामान, पुस्तक पसल** | | |
| | स्टेशनरी सामान, पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल | २०००। | १०००। |
| | स्टेशनरी सामान, पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल ख वर्ग | १५००। | ५००। |
| | स्टेशनरी मात्र वा पुस्तक मात्र बिक्री गर्ने पसल | १५००। | ५००। |
| २२. | **निर्माण सामग्री, हार्डवेयर, सिसा तथा विद्युत सामाग्री पसल** | १५०० | २००० |
| २३. | **फोटो स्टुडियो** | १५०० | ५०० |

| | | | |
|---|---|---|---|
| २४. | **सैलुन तथा ब्युटी पार्लर पसल** | १५०० | ५०० |
| २५. | **टेलर** | ५०० | ५०० |
| २६. | **एग्रोभेट पसल** | १५००। | १०००। |
| २७. | **वार्षिक सवारी कर** | | |
| | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | ५००। | १००। |
| २८. | **विशेषज्ञ, परामर्श तथा अन्य व्यवसायिक सेवा** | | |
| | चिकित्सक | २०००। | १०००। |
| | कविराज | १०००। | ५००। |
| | ईन्जीनियर | २५००। | ३०००। |
| | अन्य सबै प्रकारका | २५००। | १०००। |
| २९. | **निर्माण सेवा** | | |
| | नेपाल सरकारबाट इजाजत प्राप्त घ वर्गको ठेकादार | ३०००। | ३०००। |
| ३०. | **कानुन व्यवसायी : वरिष्ठ** | २५००। | २०००। |
| | अभिकर्ता | २०००। | १०००। |
| | लेखनदास | १५००। | ५००। |
| | ग श्रेणीको लेखापरीक्षक | ३०००। | २०००। |
| | घ श्रेणीको लेखापरीक्षक | २०००। | १५००। |
| | अनुसन्धानकर्ता तथा परामर्शदाता | ५०००। | २०००। |
| | बिमा एजेन्ट | २०००। | २०००। |
| | सर्भेयर | २०००। | २०००। |
| | कवाडी सामान संकलन तथा विक्री | २०००। | १०००। |
| | साइन वोर्ड बनाउने पेन्टिङ्ग सेवा | १५००। | १०००। |
| | फुल र बिरुवा बिक्रेता | १५००। | ५००। |
| | सिसा, प्लाइउड विक्रेता | १५००। | १०००। |
| | खेलौंना उपहार (गिफ्ट )विक्रेता | १५००। | १०००। |
| ३१. | **चुरा पोते पसल** | १००। | १००। |
| ३२. | **चस्मा पसल** | १००। | १००। |
| ३३. | **औद्योगिक कारखाना तथा उद्योगहरुमा** | | |
| | क्रसर उद्योग | १०,०००। | १०,०००। |
| | ढुङ्गा चट्टा तथा फिनिसीङ उद्योग | २५००। | २५००। |

| | | | |
|---|---|---|---|
| | टायल,मार्वल उद्योग तथा सप्लार्यस | २५००। | २५००। |
| | सटर ग्रील उद्योगबाट | ५०००। | ५०००। |
| | सोलार व्यवसाय | ५०००। | ५०००। |
| | जडिवुटी बिक्री तथा प्रसोधन | २५००। | २५००। |
| ३४. | **साउण्ड सिस्टम भाडा तथा बिक्री** | २०००। | २०००। |
| ३५. | **डिपार्टमेन्टल सुपर मार्केट** | ५०००। | ५०००। |
| ३६. | **खसी बोका बिक्री केन्द्र** | २०००। | २०००। |
| ३७. | **बहाल कर (सम्बन्धित धनीबाट )** | २ प्रतिशत | २ प्रतिशत |
| ३८. | **बहाल विटौरी कर रोपनी** | रु १० | रु १० |
| ३९. | **मनोरञ्जन कर** | | |
| | व्यवसायिक भिडियो कर (प्रतिभिडियो ) | ५००। | ५००। |
| | **सम्पत्ति मुल्यांकन शुल्क** | ०.०५ प्रतिशत सम्म | ०.०५ प्रतिशत सम्म |

माथि उल्लेख नभएका व्यवसायहरुमा व्यवसायको स्तर हेरी रु १००। देखी रु५०००।सम्म कार्यालयबाट तोकी कर लगाउने ।

व्यवसाय कर छुट र जरीवाना सम्बन्धमा :

क) चालु वर्षको व्यवसाय कर आश्विन मसान्तभित्त कार्यालयमै आई बुझाउने व्यसायीहरुलाई तोकिएको करको दरमा १० प्रतिशत छुट गर्ने ।

ख) ग्रामीण क्षेत्रमा भएको व्यवसायको लागि उपरोक्त दर रेटमा बजारको स्तर हेरी १५ प्रतिशत देखि ५० प्रतिशत सम्म छुट दिन सकिने ।

**आ.व ०७६/७७ को लागि स्वीकृत विभिन्न सिफारिस तथा मुल्यांकन दस्तुरहरुको दररेट**

| संकेत नं. | विवरण | आ.व ०७५/७६ का लागि स्वीकृत |
|---|---|---|
| १. | सिफारिस दस्तुर | ५०। |
| २. | नागरिकता | १०। |
| ३. | अंगिकृत नागरिकता सिफारिस | ५००। |
| ४. | नागरिकता फाराम | १०। |
| ५. | सामान्य सिफारिस दस्तुर | २०। |
| ६. | नाम, थर संशोधन सिफारिस | २०। |
| ७. | प्रतिलिपि दस्तुर (एफोर वा सो भन्दा सानो साइजमा ) | २५। |
| ८. | प्रतिलिपि दस्तुर एफोर साइजमा जस्तै : गुरुयोजना नक्सा | ३००। |

| | | |
|---|---|---|
| ९. | नगरपालिका बाट दिइने सुचना प्रति पेज | २०। |
| १०. | राहदानी (परिचय पत्रमा)मा सिफारिस | ५०। |
| ११. | खानेपानी, विद्युत, टेलिफोन जडान र नामसारी (आवासीय ) | खानेपानी जडान २००। र विद्युत तथा टेलिफोन जडान ३००। |
| १२. | खानेपानी, विद्युत, टेलिफोन जडान र नामसारी(व्यवसायिक ) | १०००। |
| १३. | चार किल्ला प्रमाणित सिफारिस प्रति १ वर्ग मिटर | २५ पैशा |
| १४. | चार किल्ला प्रमाणित सिफारिस प्रति १ कट्टा मिटर | २५। |
| १५. | ट्रेस नक्सा  निर्माण तथा प्रमाणित  पहिलो १ कित्ता माग भएमा | २००। |
| १६. | ट्रेस नक्सा प्रमाणित मात्रः पहिलो १ कित्ता माग भएमा | १५०। |
| १७. | ट्रेस नक्सा १ कित्ता भन्दा बढी माग भएमा थप प्रतिकित्ता | २५। |
| १८. | कम्प्युटर अंग्रेजी टाइप सिफारिस | १००। |
| १९. | पेन्सनपट्टा सिफारिस (स्वदेशी  संस्थामा ) | १००। |
| २०. | पेन्सनपट्टा सिफारिस(विदेशी संस्था मा ) | २००। |
| २१. | औद्योगिक प्रयोजनको लागि (ठुलो सर्जमिन दस्तुर ( घरेलुकार्यालयलाई सिफारिस गर्दा) | १५००। |
| २२. | औद्योगिक प्रयोजनको लागि (सानो ) सर्जमिन दस्तुर (घरेलु कार्यालयलाई सिफारिस गर्दा ) | १०००। |
| २३. | व्यवसायिक प्रयाजनको लागि (ठुलो)सर्जमिन दस्तुर (घरेलु कार्यालयलाई सिफारिस गर्दा) | ५००। |
| २४. | व्यवसायिक प्रयाजनको लागि ( सानो)सर्जमिन दस्तुर (घरेलु कार्यालयलाई सिफारिस गर्दा) | ५००। |
| २५. | अन्य सर्जमिन दस्तुर | २००। |
| २६. | अस्थायी ठेगाना प्रमाणित | २५०। |
| २७. | मिलापत्र दस्तुर दुवै पक्षबाट | ३००। |
| २८. | छुट जग्गा दर्ता सिफारिस प्रति रोपनी | ३००। |
| २९. | अव्यवीस्थत र सुकुम्वासी जग्गा दर्ता सिफारिस | २००। |
| ३०. | सम्बन्ध विच्छेद सिफारिस | २००। |
| ३१. | राजिनामा /वकसपत्र दस्तुर | ५००। |
| ३२. | जग्गा मरुवा नामसारी सिफारिस | ३००। |
| ३३. | जग्गा सिमा विवादमा अमिन खटाई सिमांकन गर्नु पर्दा | ५००। |

**संस्था दर्ता तथा नविकरणमा आ.व ०७६/७७ को लागि स्वीकृत विभिन्न सिफारिस एवं मुल्यांकन दस्तुरहरुको  दररेट**

| | | |
|---|---|---|
| ३४. | नयाँ दर्ता सिफारीसमा | १०००। |
| | नविकरण सिफारिस | ५००। |

| | | |
|---|---|---|
| | आय स्रोत प्रमाणित सिफारिस | ०.०५प्रतिशत |
| | आधारभुत सम्मका लागि | १५००। |
| | मा.वि सममका लागि | २५००। |
| | उच्च मा.वि सम्मका लागि | २५००। |
| | व्यक्तिगत घटना दर्ता (जन्म,मृत्यु, बसाई सराई आदि )३५ दिनसम्म नि:शुल्क त्यसपछि | २०। |
| | व्यक्तिगत घटना दर्ता प्रमाणित | २०। |
| | उद्योग स्थापना सिफारिस | ५००। |
| | उद्योग नामसारी सिफारिस | १०००। |
| | उद्योग ठाउँसारी सिफारिस | ५००। |
| | पशु बस्तु र पंक्षी (रांगा, भैंसी, गोरु खसी को निकासीको सिपफारिस प्रति गोटा | ५०। |
| | गैर सरकारी संघ संस्था क्लव कम्प्युटर इन्स्टिच्युट आदिको सिफारिस | ५००। |
| | प्रति घण्टा लोडर भाडा (फ्युल बाहेक ) | १५००। |
| | प्रति घण्टा टिपर  भााडा | ५००। |
| | घर नक्सा पास नामसारी दस्तुर | ५००। |
| | घर खालि गराउदाँ प्रति दिन | ५००। |
| | नक्सा पास प्रति बर्ग फिट | रु. ५ । |
| | **सरसफाई सेवा शुल्क** | |
| | कान्जी  हाउस दस्तुर | १००। |
| | वंगुर प्रतिज्यान | १००। |
| | घोडा,खच्चर प्रति ज्यान | १००। |
| | खसी वोका वाखा | १०० |
| | हास कुखुरा | १० |
| | **पशुपंक्षी दर्ता शुल्क** | |
| | भेडा बाखा प्रति जीउ | ५। |
| | गाई भैसी प्रति जीउ | १०। |
| | कुकुर विरालो प्रति जीउ | २५। |
| | घोडा खच्चर प्रति जीउ | ५०। |
| | कुखुरा हाँस प्रति जीउ | ५। |
| | गोबर परीक्षण प्रति जीउ | १०। |

| | | |
|---|---|---|
| | पिसाब परीक्षण प्रति जीउ | १०। |
| | मष्टाईटिस परीक्षण प्रति जीउ | २५। |
| | **पोष्ट मार्टम** | |
| | कुखुरा हाँस प्रति जीउ | १०। |
| | भेडा बाख्रा प्रति जीउ | १५। |
| | सुँगुर बंगुर प्रति जीउ | १५। |
| | गाई, भैसी, घोडा, खच्चर प्रति जीउ | २० । |
| | नगरपालिका हल भाडा (नगरपालिकाको जेनेटर प्रयोग गर्नु पर्दा इन्धनको मुल्य आफैं व्यहोर्नु पर्ने छ। | १०००। |
| | **विद्युत सम्बन्धी** | |
| | क केन्दिय विद्युत लाइनको पोल एकको | २०००। |
| | ख साधारण लाइन पोल एकको | ५००। |
| | ग टार्न्सफमर भएको | १०००। |
| | घ तार लाइन एकको प्रतिमिटर | ०.०५ |
| | **नेपाल टेलीकम** | |
| | क साधारण पोल एकको | १००। |
| | ख तार लाइन एकको प्रतिमिटर | ०.०५ |

| क.स | विवरण | कैफियत |
|---|---|---|
| १. | मोही लागत कट्टा प्रति रोपनी | १५०। |
| २. | जग्गा मरुवा नामसारी | ५००। |

**हाट बजार क्षेत्रका कोठाहरुको मासिक भाडा दर**

| कोठा नम्बर | आ.व २०७५/७६ का लागी स्वीकृत भाडा दर |
|---|---|
| १-२० | १०००। |

**आव ०७६।०७७ को लागि नक्शा पास दस्तुर**

| क.स | करको बनावट | राजमार्गतथा मुखय बजार सडकको दायाँ बायाँ बन्ने घरको दर प्रति वर्ग फीट (रु) | अन्य पिच सडकको दायाँकायाँ बन्ने घर को दर प्रति वर्ग फिट (रु) | अन्य सडक वा ठाउँमा बन्ने घर को दर प्रति वर्ग फिट ( रु) |
|---|---|---|---|---|
| | **आर सि सि ढलान बनावट** | | | |
| १ | भुई तला | २.०० | १.५० | १.०० |
| २ | प्रथम तला | २.२५ | १.७५ | १.२५ |
| ३ | दोस्रो तला र सो भन्दा माथि | २.५० | २.०० | १.५० |
| | **लोड वियरिङ् बनावतको ढलान तथा कडि पाटन** | | | |

| | | | | |
|---|---|---|---|---|
| क | भुई तला | १.७५ | १.५० | १.२५ |
| ख | प्रथम तला | २.०० | १.५० | १.२५ |
| ग | दास्रो तला र सो भन्दा माथि | २.२५ | २.०० | १.५० |
| | **ईट्टालाई सि.म. माटो मसला जोडाई गरि बनेको जस्ता छाना भएको** | | | |
| क | भुई तला | १.०० | ०.७५ पैसा | ०.५० |
| ख | प्रथम तला | १.५० | १.०० | ०.७५ |
| ग | दोस्रो तला र सो भन्दा माथि | २.०० | १.५० | १.०० |
| | घर नक्सा पास निवेदन फाराम ५००। नक्सा पास गर्दा रेखाङकन शुल्क (क)६५ वर्ग मिटरसम्म रु ३००। (ख) ६६ वर्ग मिटरदेखि ९० वर्ग मितरसम्म : ५००। (ग) ९१ वर्ग मिटरदेखी ११५ वर्ग मिटरसम्म : ७००। (घ) ११६ वर्गमिटरदेखि मथि १०००। | | | |

**विज्ञापन करको प्रस्तावित दर**

| | | |
|---|---|---|
| १ | विज्ञापन सामग्री २५ व.फि सम्म | रु १०००।- |
| २ | विज्ञापन सामग्री २५ फिट भन्दा बढी प्रति वं. फि | रु ४०।– |
| ३ | साना किसीमका प्रचारका बोर्ड ४ व. फी सम्म | रु ३००।- |
| ४ | व्यानर सार्वजनिक स्थानमा प्रतिमिटर ७ दिन सम्मको लागि | रु ५००।– |
| ५ | व्यानर सार्वजनिक स्थानमा प्रतिमिटर ७ दिन भन्दा बढि | रु ४००।– |
| ६ | १ मिटर र १ व.फि सम्मको विज्ञापनको | रु २००।– |

**नगरपालिकाको एक्साभेटर प्रयोग गरेको प्रस्तावित दर**

| | | |
|---|---|---|
| १. | सार्वजनिक कामका लागि प्रति घण्टा | रु.८०००। |
| २. | निजी कामका लागि प्रतिघण्टा | रु.९०००। |

**नगरपालिकाले फोटोकपी सेवा दिएको**

| | | |
|---|---|---|
| १. | ए फोर साइज प्रति पेज | रु.१०। |
| २. | ए थ्रि साइज प्रति पेज | रु.२०। |

**सडक सेवा शुल्क (पटके सवारी कर)**

| | | |
|---|---|---|
| १ | ठूला बस प्रति पटक | रु.१५०। |
| २ | माल बाहक ट्रक प्रति पटक | रु.५००। |
| ३ | टिपर प्रति पटक | रु.५००। |
| ४ | ट्याक्टर प्रति पटक | रु.२००। |
| ३ | व्यवसायिक जीप प्रति पटक | रु.५०। |

**एकिकृत सम्पत्ति कर तर्फ**

१. यसमा अनिवार्य रुपमा नगरका प्रत्येक घर धुरी समावेश हुनेछन् । एकिकृत सम्पत्ति कर २०७६ श्रावण १ गतेबाट नगरपालिका क्षेत्रमा अनिवार्य रुपमा लागू गरिने छ ।

२. एकिकृत सम्पत्ति लाई खण्डिकृत गरि एकिकृत सम्पत्ति कर तिरेको पाइएमा सम्पत्तिको एकिकृत गरि लाग्ने कर असुल गरि थप १० प्रतिशत जरिवाना गरिनेछ ।

.........................

(काशीचन्द्र बराल)

नगरप्रमुख

रास्कोट नगरपालिका

स्युना, कालिकोट

कर्णाली प्रदेश, नेपाल

प्रमाणिकरण मितिः इति सम्बत २०७६ साल असार ३१ गते रोज १ शुभम् ।